
**Nepali Translation of : If ICE Agents Show Up at Your Door**




यदि अध्यागमन तथा भन्सार प्रवर्तन, **(**आईस, **ICE)** का प्रतिनिधिहरू तपाईंको ढोकामा देखा परे भने**:**

- ढोका नखोल्नुहोस् तर शान्त रहनुहोस् । तपाईंको अधिकार हुने छ ।
- उनीहरू त्यहाँ के को लागि आएका हुन् ? सोध्नुहोस् ।  यदि तपाईंलाई एक जना अनुवादक चाहिएको भए पनि सोध्नुहोस् ।
- यदि तिनीहरू भित्र आउन  चाहन्छन् भने तिनीहरूसँग न्यायाधिशको हस्ताक्षरसहितको पत्र वा पक्राउ पूर्जि छ छैन सोध्नुहोस् । यदि छ भने हेर्नुहोस् । (झ्यालबाट वा ढोकाको जोर्नी वा चेपबाट वा मुनिबाट)
- यदि तिनीहरूसँग न्यायाधिशको हस्ताक्षरसहितको पत्रफउपूर्जि छैन भने तपाईंले उनीहरूलाई भित्र पस्नबाट रोक्न सक्नुहुने छ । उनीहरूसँग केही जानकारी भएमा ढोकामा छोड्न भन्नुहोस्  ।
- यदि उनीहरू बलपूर्वक भित्र आउन चाहे भने विरोध नगर्नुहोस् । आवासभित्र रहेका सबैलाई शान्त रहन भन्नुहोस् ।
- यदि तपाईंलाई पत्रफउ गरियो भने शान्त रहनुहोस् र वकिलसँग सबै कुरा नभनुन्जेलसम्म केहीमा पनि आफ्नो हस्ताक्षर नगर्नुहोस् ।
- आईस (ICE)  प्रशासनिक पक्राउ पुर्जी  (फारम  २००,२०५) ले तिनीहरूलाई अनुमतिविना तपाईंको घरमा पस्न दिँदैन ।

**Translation of standard Red Card KYR in Nepali**

तपाईँलाई संवैधानिक अधिकारहरू छन्:

- यदि आप्रवासी प्रतिनिधिले ढोका ढकढकाइरहेको छ भने ढोका नखोल्नुहोला।
- यदि उनीहरूले बोल्न चाहन्छन् भने पनि कुनै प्रश्नको जबापफ् नदिनुहोस्। तपाईंसँग शान्त रहने अधिकार छ।
- वकिलसँग कुरा गर्नुभन्दा पहिले केहीमा पनि हस्ताक्षर नगर्नुहोस्। तपाईँसँग वकिलसँग कुराकानी गर्ने अधिकार छ।
- यदि तपाईँ घरबाहिर हुनुहुन्छ भने प्रतिनिधिसँग सोध्नुहोस् कि तपाईँ जान स्वतन्त्र हुनुहुन्छ कि हुनुहुँदैन। यदि उनीहरूले हुनुहुन्छ भने भने शान्तसँग जानुहोस्।
- यो कार्ड प्रतिनिधिलाई दिनुहोस्। यदि तपाईँ घरभित्र हुनुहुन्छ भने झ्याल वा ढोकाको तल बाट यो कार्ड दिन सक्नुहुने छ।

- म संयुक्त राज्य अमेरिकाको संविधान अन्तर्गतको मेरो पाँचौँ संशोधन अधिकार अन्तर्गत तपाईँसँग बोल्न, तपाईंका प्रश्नका उत्तर दिन वा कुनै पनि कागतमा हस्ताक्षर गर्न चाहन्नँ।
- जबसम्म तपाईँसँग मेरो नाम उल्लेख गरिएको र न्यायाधिश वा सम्वन्धित अधिकारीले हस्ताक्षर गरेको प्रवेश अनुमति पत्र वा पुर्जी (वारेन्ट) छैन, तबसम्म संयुक्त राज्य अमेरिकाको संविधान अन्तर्गतको चौथो संशोधन अधिकारको आधारमा तपाईँसँग मेरो घरमा प्रवेश गर्ने अनुमति छैन। जुन तपाईंले मेरो ढोका मुनिबाट छिराउन सक्नुहुन्छ।
- संविधानको चौथो संशोधन अधिकारको आधारमा म तपाईँलाई मेरो कुनै पनि समानहरू खोजतलास गर्ने अनुमति दिन्नँ।
- मैले संविधानले दिएका संवैधानिक अधिकारहरू प्रयोग गर्ने निर्णय गरेको छु।

यी कार्डहरू नागरिक र गैरनागरिक दुबैका लागि उपलब्ध छन्।